नेपाल सरकार
ऊर्जा मन्त्रालय
# विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(...............................................)

फोन नं. ४४७४८५२, ४४८०२७६, ४४७८०८५, ४४८०३२६, ४४८०४२५, ४४९६८००, ४४८१६१४, ४४७६११०

फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७४/७५
च.नं.:- ८९८

मितिः २०७४/०९/०५.........

विषयः- गोहोरे (इचोक) खोला साना ज.वि.आ.को विद्युत उत्पादनको जानकारी स्वीकृतिको दरखास्त सम्बन्धमा ।

श्री इचोक हाइड्रोपावर प्रा. लि.
काठमाडौं ।
फोन नं: ९८४१७३४८५१
इमेलः info@ichowkhydropower.com.np

प्रस्तुत विषयमा गोहोरे (इचोक) खोला साना ज.वि.आ.को विद्युत उत्पादनको जानकारी स्वीकृतिको दरखास्त उपर कारवाही हुँदा निम्न वमोजिम कागजात/विवरणहरु नपुग देखिएकाले निम्न कागजात/विवरणहरु ३५ (पैंतिस) दिनको समयावधि भित्र पेश गर्नुहुन विभागको मिति २०७४/०८/२९को निर्णयानुसार जानकारी गराईन्छ ।

१. विद्युत नियमावली, २०५०को अनुसूची-१ बमोजिमको दरखास्त
२. आयोजनाको अध्ययन प्रतिवेदन र Design Drawing को soft copy (CD वा pendrive मा)
३. आयोजना क्षेत्रका प्रमुख संरचनाको रेखाङ्कन तथा Coordinate सहितको सक्कल टोपो नक्सा
४. निर्माण कार्य तालिका (Construction Schedule)
५. कंपनीको अद्यावधिक शेयर लगत अभिलेख र सोको soft copy (scanned वा /image file मान्य नहुने)
६. अघिल्ला दुई आ.व.मध्ये कम्तिमा एक आ.व.को कर चुक्ता प्रमाणपत्र वा दाखिला गरेको प्रमाण
७. उद्योग दर्ताको प्रमाणपत्र (वैदेशिक लगानीको हकमा सोको स्वीकृति समेत)
८. सञ्चालक समितिको बैठकको निर्णयसहितको अख्तियारीनामा,पत्राचार गर्ने स्पष्ट ठेगाना(पोष्ट बक्स नं. र ईमेलसहित) र अख्तियारी प्राप्त व्यक्तिको परिचय-पत्र एवं सम्पर्क नंबर
९. परियोजनाको लागि स्थायी वा अस्थायी तबरबाट उपयोग वा प्राप्तिको लागि चाहिने आवश्यक सरकारी वा गैरसरकारी जग्गाको कूल क्षेत्रफल र जग्गाधनीहरुको लगत
१०. आयोजनामा हुने स्वपूंजी र ऋणको अनुपात खुल्ने जानकारी
११. कम्तिमा अघिल्ला दुई आर्थिक वर्षमध्ये एक आर्थिक वर्षको लेखापरीक्षण गरिएको वित्तीय विवरण
१२. आवश्यक शेयर पूंजीलाई पुग्ने गरी प्रवर्द्धक कम्पनीमा कायम रहेका शेयर होल्डरहरुको चार्टर्ड एकाउन्टेन्टबाट प्रमाणित Cumulative Net Worth तथा आवश्यकतानुसार तल उल्लेखित विवरण
क) आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरु बीच भएको सम्झौता
ख) कुनै शेयर होल्डरले लिन कबुल गरेको शेयर बराबरको निजको नेट वर्थ नभएको अवस्थामा उक्त शेयर होल्डरको शेयरमा समेत अन्य शेयर होल्डरहरुले आवश्यक परेमा आयोजनामा इक्विटी लगानी गर्ने सम्बन्धमा शेयर होल्डरहरुबीच भएको सम्झौता

नेपाल सरकार
ऊर्जा मन्त्रालय
विद्युत विकास विभाग
अनुमतिपत्र महाशाखा
(.............................................................)

फोन नं. ४४७४८५२, ४४८०२७६
४४७८०८५, ४४८०३२६
४४८०४२५, ४४९६८००
४४८१६१४, ४४७६१९०
फ्याक्स (९७७-१)-४४८०२५७
पोष्ट बक्स नं. २५०७
थापागाउँ, अनामनगर
काठमाडौं, नेपाल

पत्र संख्या :- ०७४/७५

मितिः ..............................

विषयः-

९. यदि प्रवर्द्धक कम्पनीले वा सो कम्पनीका शेयर होल्डरहरुले यसअघि उत्पादन अनुमतिपत्र प्राप्त गरी कुनै विद्युत आयोजनामा लगानीको लागि सहभागि भैसकेको भए शुरुको र प्रस्तावित आयोजनालाई खाम्ने गरी Net worth पेश गर्नु पर्ने

१०. शेयर पूँजीमा लगानी गर्ने प्रतिबद्धता गरिएको संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि

११. आयोजनामा प्रत्यक्ष रूपले सहभागी हुने वित्तीय संस्थाहरुसँगको ऋण सम्झौता वा ती संस्थाहरुबाट पेश भएको लगानी गर्ने प्रतिबद्धता

(सकृय न्यौपाने)
इन्जिनियर